# नेपाल राजपत्र

## भाग ४

श्री ५ को सरकारद्वारा प्रकाशित

काठमाडौं, वैशाख १ गते २०३२ साल

### महालेखा परीक्षकको विभागको

### सूचना

महालेखा परीक्षकको विभागको पदाधिकारीसम्बन्धी नियमावली, २०१८ को नियम ८.२ को खण्ड (क) ले दिएको अधिकार प्रयोग गरी तल सहिछाप गर्ने अधिकारीले यस विभागका देहायका पदमा देहायका व्यक्तिहरूलाई मिति २०३१।११।२६ देखि कायम मुकायम मुकरर गरेको छ ।

१. रिक्त लेखापरीक्षण निर्देशक पदमा लेखापरीक्षण अधिकारी श्री सूर्यलाल श्रेष्ठलाई र निजले काम गरी आएको लेखापरीक्षण अधिकारी पदमा लेखापरीक्षण अधिक्षक श्री नानीकाजी बोगटीलाई,

२. लेखापरीक्षण अधिकारी श्री बलरामप्रसाद खनाल काजमा जानु भएकोले निज फर्की नआएसम्म सो पदमा लेखापरीक्षण अधिक्षक श्री हरिप्रसाद फुयाललाई,

३. रिक्त लेखापरीक्षण अधिकारी पदमा लेखापरीक्षण अधिक्षक श्री प्रचण्डलाल झालाई र

४. लेखापरीक्षण अधिकारी श्री जयन्द्रबहादुर स्वांर काजमा जानु भएकोले निज फर्की नआएसम्म सो पदमा लेखापरीक्षण अधिक्षक श्री पद्मदयाल बादे श्रेष्ठलाई ।

सरदार भीमबहादुर पाण्डे
महालेखा परीक्षक



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

मुद्रण विभाग, सिंहदरबार

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।